# खाद्य सुरक्षा र वनः के साझेदारी वनले खाद्य सुरक्षामा योगदान पुऱ्याउन सक्छ ?

भोला भट्टराई[१], सुनीलकुमार परियार[२] र शोभा न्यौपाने[३]

## १. परिचय

मानिसको खान पाउने अधिकारसँग सम्बन्धित विषयको रूपमा खाद्य सुरक्षालाई बुझ्ने गरिन्छ। तर खाद्य सुरक्षाको विषय खाद्य अधिकारभन्दा वृहत्तर छ। खाद्य सुरक्षाले खान पाउने मात्र होइन- सुरक्षित र पौष्टिक खाना खान पाउने, खाने परिकार समेत सामाजिक साँस्कृतिक रूपमा स्वीकार्य हुनुपर्ने जस्ता पक्षलाई समेटेको छ (Mukherjee 2012)। मानवअधिकार घोषणापत्र (१९४८) को दफा २५ ले खाद्य अधिकारको बारे उल्लेख गरेको भए पनि सन १९७० पछि खासगरी सन् १९७४ मा सम्पन्न विश्व खाद्य सम्मेलनपछि मात्रै खाद्य सुरक्षाबारे बहस हुन थालेको पाइन्छ।

अमर्त्य सेन (१९८१) ले खाद्य सुरक्षाबाट वञ्चितीकरणमा पर्ने कारणबारे गरिबी र अनिकाल (Poverty and Feminine) नामक पुस्तकमा चर्चा गर्दै भनेका छन् कि स्रोत र साधनबाट वञ्चित हुनु नै खाद्य असुरक्षाको कारण हो (Mukherjee 2012)। सेनका अनुसार स्रोत र साधनमाथिको पहुँच, उपलब्धता र सुरक्षाले मात्रै खाद्य सुरक्षाको प्रत्याभूति गर्न सक्छ। खाद्य सुरक्षाको सन्दर्भमा प्राकृतिक स्रोत र साधन अत्यन्त महत्वपूर्ण आधार हो। प्राकृतिक स्रोतहरु जल, जंगल, जमिन आदि विषयहरु खाद्यान्न उपलब्धताको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छ।

उत्पादनका साधन, भूमि, पूँजी, श्रम र बजारमा पहुँच हुन नसकेको अवस्थामा खाद्य सुरक्षाको दृष्टिकोणले वन अत्यन्त महत्वपूर्ण क्षेत्र हो। नेपालमा रहेको करिब ४५% वन क्षेत्र (DFRS 2015) को सही व्यवस्थापन गर्न सक्ने हो भने नेपालको खाद्य सुरक्षाको अभियानमा थप टेवा मिल्न सक्ने देखिएको छ।

नेपाली ग्रामीण समुदायको जीवन सदियौंदेखि प्राकृतिक स्रोतहरु-वन, जमिन र पानीसँग गासिएको छ। मानिसहरुलाई चाहिने खाद्यान्नको उपलब्धताको लागि तिनै स्रोतको प्रयोग र व्यवस्थापन हुँदै आएको छ। आफूलाई चाहिने सम्पूर्ण वस्तु तथा सेवाको उत्पादन आफैले गर्ने परिपाटी नेपाली समुदायमा प्रचलित थियो।

नेपालको वन क्षेत्रको व्यवस्थापन पद्धतिबारे थुप्रै अध्ययन अनुसन्धान भए पनि वन क्षेत्रले खाद्य सुरक्षामा पुऱ्याएको योगदानबारे भने खासै अध्ययन भएको छैन। नेपालको सामुदायिक वन जतिसुकै प्रगतिशील अवधारणा भए पनि खाद्य सुरक्षाको दृष्टिकोणबाट यी वन व्यवस्थापन हुन सकेका छैनन्। सरकारी निकाय तथा सामुदायिक वनका सहयोगी काठ उत्पादनमा मात्र केन्द्रित छन्- जसको कारण परम्परागत रूपमा उपयोग हुँदै आएका खाद्य स्रोतसमेत लोप हुने अवस्थामा पुगेकाछन् (Khatri *et al.* 2016। यसैगरी एक अध्ययन अनुसार नेपालको वनसम्बन्धी नीति तथा कानुनले सीमित मात्रमा मात्रै वन क्षेत्रलाई खाद्य सुरक्षाको दृष्टिकोणबाट प्रयोग गर्न दिएको छ (Paudel *et al.* 2014)। विद्यमान नीति तथा कानुन र अभ्यासले सामुदायिक वनमा खाद्य उत्पादन तथा प्रयोगको लागि पर्याप्त स्थान दिएको छैन।

अर्कोतर्फ Khadka and Upadhya 2008 का अनुसार तराईको हलखोरिया साझेदारी वन स्थानीय समुदायको जीविकोपार्जनको राम्रो साधन बनेको छ। लेखकहरु अगाडि भन्नुहुन्छ - साझेदारी वनबाट वस्तु तथा अन्य स्रोत स्थानीय समुदायले पाउँछन्, यसले उनीहरुको जीविकोपार्जनमा मद्दत पुगेको छ।

१ लेखक काठमाडौं विश्वविद्यालयमा विकास अध्ययन विषयमा अध्ययनरत हुनुहुन्छ। सम्पर्क: bhola.fecofun9@gmail.com
२ लेखक प्राकृतिक स्रोतका लागि दलित अधिकार मञ्चमा आबद्ध हुनुहुन्छ।
३ लेखक बैंकर तथा महिला अधिकारकर्मी हुनुहुन्छ।

अर्कोतर्फ खाद्य असुरक्षाको समस्या झेलिरहेका समुदाय र त्यसभित्र पनि दलित समुदायको वन अधिकारबारे पनि प्रशस्त रूपमा काम हुन सकेका छैनन् । प्राकृतिक स्रोत मध्ये वन स्रोतमाथि दलित समुदायको पहुँच खासगरी वनमाथि नियन्त्रणको दृष्टिकोणले दलितहरु पछाडि पारिएका छन् ।[४]

दलितको वन माथिको पहुँच अत्यन्त कमजोर रहेको कारण वनले दलित तथा अन्य गरिब समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन सकेको छैन (Uprety *et al.* 2012) । लेखकहरु नेपालको सामुदायिक वनले परम्परागत पेशा व्यवसाय नै खतरामा परेको कुरा उल्लेख गर्दै सामुदायिक वनको निर्णय प्रक्रियामा समेत टाठाबाठाको हालीमुहाली भएको ठहर गर्दछन् । विभिन्न अध्ययनले दलितको वनमाथिको पहुँच र नियन्त्रण कमजोर रहेको उल्लेख गरेको पाइन्छ। Pariyar (2014) का अनुसार सामुदायिक वनमा दलितले करिब ८० प्रतिशतले सदस्यता पाए तापनि निर्णयप्रक्रियामा भने दलितहरु निकै पछाडि परेका छन्। त्यसमाथि पनि निर्णायक पदमा त बिरलै मात्रामा दलितले स्थान पाउने गर्दछन् ।

अमर्त्य सेनको स्रोतमाथिको अधिकार सम्बन्धी अवधारणाले समेत खाद्यान्न र स्रोत (जल, जंगल, जमिन) बीचको सम्बन्धले नै व्यक्ति वा समुदायको खाद्य सुरक्षाको अवस्था स्पष्ट पार्ने बताउनुहुन्छ । सेन आफ्नो अवधारणाबारे अगाडि भन्नुहुन्छ- स्रोतविहीनहरु अक्षम हुन्छन् । त्यसै कारण उनीहरु पछाडि पर्दछन् । नेपालको वन व्यवस्थापन पद्धतिलाई विश्लेषण गर्ने हो भने दलितको पहुँच र नियन्त्रण अत्यन्त कमजोर भएको पाइन्छ (Bhattarai, 2013)। यो लेख लेखकको साझेदारी वनमा विगत ५ वर्षको अन्तर्क्रिया र वन व्यवस्थापन योजनाको विश्लेषणको आधारमा तयार गरिएको छ ।

## २. समस्या

नेपालका दलितमध्ये तराईका दलितको अवस्था अत्यन्त दर्दनाक छ । नेपाली समाजको वर्ण व्यवस्थाले दलितलाई अछुतमात्र बनाएन- उनीहरुको स्रोत माथिको पहुँच र नियन्त्रण, सामाजिक शक्ति सम्बन्धमा, आर्थिक हैसियत आदि समेतमा कुण्ठित तुल्याउने कार्य भयो- जसको कारण दलित समुदायको सामाजिक र राजनैतिक हैसियत कमजोर बन्न पुग्यो । यसको कारण दलितहरु नै सबैभन्दा जोखिममा परेका छन् (Adhikari and Bhole, 1999) । तराईका विभिन्न जिल्लामा साझेदारी वन कार्यक्रम लागू भएको छ । वनको दिगो व्यवस्थापन मार्फत, वन उपभोक्ताको सामाजिक, आर्थिक र वातावरणीय विकास तथा सन्तुलनको लागि यो कार्यक्रम लागू भएता पनि वनको व्यवस्थापन तथा वन मार्फत, खाद्य सुरक्षाको अवस्थाबारे चर्चा हुन सकेको छैन । समृद्धिको लागि वन भन्ने नाराका साथ नेपाल सरकारले कार्यक्रम अगाडि सारे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । वन क्षेत्रमा प्रशस्त लगानी भइरहे पनि तराईको वन तथा वन सुशासन, समुदायको हक र हित एव खाद्य सुरक्षासँग सम्बन्धित विषय उजागर नभइरहेको सन्दर्भमा यस लेखमा साझेदारी वन कार्यक्रमको कार्यान्वयन एवं खाद्य सुरक्षाका सम्भावनाबारे उजागर गर्ने प्रयास गरिनेछ ।

तराई र भित्री मधेसमा बसोबास गर्ने दलित मध्ये अत्यन्त जोखिममा रहेको डोम जातिको परम्परागत पेशा भनेको नै बाँसका सरसामान ढाकी, नाङ्लो, कोनया, चाल्नो आदि बनाउँछन् । आज तिनै डोमले बाँस पाउने अधिकार खतरामा परेको छ । विकासको नाममा गठन गरिएका वन उपभोक्ता समूहहरुमा उनीहरुको पहुँच नहुने, वन पैदावार सहज रूपमा पाउन नसक्ने आदि कारणले गर्दा पनि दलितहरु स्रोतको पहुँचबाट वञ्चितीकरणमा परेका छन् (Bishwokarma, 2009) ।

## ३. अध्ययनको विधि

यो लेख विशुद्ध रूपमा गुणात्मक विधिमा आधारित छ । अध्ययनको क्रममा बाराको हलखोरिया र कैलालीको बाह्रवन साझेदारी वनको वन व्यवस्थापन योजनाको समीक्षा तथा समूहको गतिविधिको प्रत्यक्ष अवलोकन गरिएको थियो भने फिल्ड अध्ययनको क्रममा समूहका सदस्य पदाधिकारी गरी १५ जनासँग प्रत्यक्ष छलफल गरिएको थियो ।

४ सुनील कुमार परियारसंगको कुराकानी, असोज-५,२०७३

लेखकहरुको वन क्षेत्रसँगको आबद्धता, प्राप्त अनुभव र सिकाइको साथमा पछिल्लो समयमा साझेदारी वन उपभोक्ता समूहमा गरिएको अध्ययनको आधारमा लेख तयार पारिएको छ । तराई तथा भित्री मधेसमा बसोवास गर्ने समुदाय भित्रै रहेको शक्ति असन्तुलन, विभेद र लाभको बाँडफाँडमा हुने अन्यायपूर्ण तौरतरिकालाई लेखकहरुले आफ्नो बुझाइको सारको रूपमा लिनुभएको छ भने फरक/फरक साझेदारी वन समूहहरुको फरक/फरक सिकाइ र अनुभवलाई पनि फरक ढंगले नै बुझ्ने र विश्लेषण गर्ने कोशिस गरिएको छ । खासगरी साझेदारी वन समूहका प्रतिनिधिसँग भएको कुराकानी, फिल्ड अवलोकन तथा कार्ययोजनाको समीक्षाको समष्टिगत रूप नै यो लेख हो ।

## ४. साझेदारी वनको परिचय

नेपालको वन व्यवस्थापन पद्धतिमध्ये सबैभन्दा नयाँ र कान्छो प्रणाली भनेको साझेदारी वन हो । स्थानीय सरकार (गा.वि.स./न.पा.) र वन विभाग /कार्यालय बीचको त्रिपक्षीय सहमतिमा गरिने वन व्यस्थापन पद्धति नै साझेदारी वन हो । खासगरी तराईमा सामुदायिक वन सफल हुन नसकेपछि सन २००० मा नेपाल सरकारले वन नीति (२०००) जारी गरी तराईको चक्ला वन क्षेत्र व्यवस्थापनको लागि यो अवधारणा अगाडि ल्याएको पाइन्छ। (साझेदारी वनसम्बन्धी तथ्याङ्कगत विवरण अनुसूची १ मा संलग्न छ) तराई वासीले वन अधिकारबाट वञ्चित हुनुपरेको तथ्यलाई आत्मसात् गरी नेपाल सरकारले दक्षिण सीमावर्ती क्षेत्रसम्म बसोबास गर्ने समुदायको वनमाथिको पहुँच बढाउनु यो अवधारणा लागू गरेको हो । साथै वनबाट स्थानीय स्तरमा वन पैदावारको सुलभ आपूर्ति गराउने, वन संरक्षण गर्ने, वनको हैसियत वृद्धि गर्ने लगायतका उद्देश्य साझेदारी वनको अवधारणाले समेटेको छ ।

## ५. साझेदारी वनमा दलितको पहुँच

साझेदारी वनको अवधारणा नयाँ भए पनि कार्यक्रम लागू भएको १५ वर्ष पूरा भइसकेको छ । १५ वर्षमा साझेदारी वनले थुप्रै क्रियाकलाप सञ्चालन गरे पनि समूह भित्रका दलित तथा पछाडि पारिएका समुदायको हक र हितका लागि अझै पर्याप्त कार्य गर्न सकेको छैन ।

साझेदारी वन निर्देशिका २०६८ अनुसार गठन हुने वन व्यवस्थापन समूह/समिति/इकाई र उप-समितिमा दलितको प्रतिनिधित्व तथा भूमिकाबारे स्पष्ट पार्न सकेको छैन (MoFSC 2011)। समितिमा मनोनीत एकजना दलितको व्यवस्था भए पनि उसको भूमिका स्पष्ट छैन । यसैगरी काठको संकलन र बाँडफाँड सम्बन्धि व्यवस्था अनुसार ५०% काठ दाउरा उपभोक्ताले पाउने भए पनि विक्री गरी आम्दानी गरिएको रकम दलितको हक, हितमा खर्च हुने बारे स्पष्ट छैन । साझेदारी वनमार्फत खाद्य सुरक्षाको लागि के/कस्ता कार्यक्रमसञ्चालन हुने भन्नेबारे पनि साझेदारी वन निर्देशिका मौन छ । एकतर्फ तराईका दलितले स्रोत माथि पहुँच पाउन सकेका छैनन् भने अर्कोतर्फ तराईमा नै व्यवस्थापन गरिएको साझेदारी वनमा तराईका दलितको सहभागिता, प्रतिनिधित्व र उनीहरुले लाभ पाउन नसक्नुले गर्दा साझेदारी वन आफैं कति समावेशी र समतामूलक बन्दै छ भन्ने कुरा स्पष्ट पार्दछ ।

## ६. साझेदारी वनका प्रमुख सवाल

खाद्य सुरक्षाको दृष्टिकोणले साझेदारी वनमा देखिएका प्रमुख समस्या निम्न छन्-

वन व्यवस्थापन समितिमा बल्लतल्ल ल्याइने एकजना प्रतिनिधिले दलितको समस्याबारे खासै विषय उठाउन सामाजिक तथा सांस्कृतिक कारणले सम्भव देखिँदैन । ठूला- ठालुहरुको अगाडी दलित प्रतिनिधिको भूमिका पनि कमजोर नै देखिन्छ । अर्को तर्फ समूहमा रहेको कोषको प्रयोग गर्दा ३५ प्रतिशत रकम गरिबी न्यूनीकरणमा खर्च गर्नुपर्ने प्रावधान भए पनि सो रकम खर्च हुने गरेको छैन ।

गरिब, दलित, विपन्न तथा पछाडि परेको तथा पछाडि पारिएका व्यक्ति तथा समुदायको वन माथिको पहुँच र नियन्त्रण अत्यन्त कमजोर छ। वनमा आश्रित दलित अन्य पछाडि पारिएका व्यक्ति तथा समुदायको हकहितका लागि संगठित रूपमा काम हुन सकेको छैन । साझेदारी तथा सामुदायिक वनले गरिबी न्यूनीकरणमा खर्च गर्नुपर्ने रकम खर्च नभइ रहेकोले गरिब दलितहरुले पाउनुपर्ने सुविधा पाउन सकेका

छैनन् । साझेदारी वनबाट उत्पादित काठको मूल्य अभिवृद्धि तथा बजारीकरणतर्फ ध्यान पुग्न सकेको छैन । वनको विद्यामान ऐन तथा कानुनलाई सरल बनाई निजी क्षेत्रलाई यस कार्यमा सहजता गराईदिने हो भने स्थानीय स्तरमा रोजगारीको अवसर सृजना हुन सक्नेछ ।

## ६. नेपालको संविधानमा खाद्य अधिकार

विश्व खाद्य सँगठन (FAO) का अनुसार सन २०११ सम्म विश्वका २३ वटा देशले मात्र खाद्य अधिकारलाई आफ्नो संविधानमा नै समावेश गरेको पाइन्छ । नेपालको सन्दर्भमा नेपालको संविधानले आफ्नो मौलिक हक शीर्षकमा नै खाद्य अधिकारको व्यवस्था गरेको पाइन्छ । संविधानको धारा ३६ मा सबै नागरिकको खाद्य अधिकार सुरक्षित हुने व्यवस्था गरेको छ । अर्कोतर्फ संविधानको धारा ४७ ले राज्यले कानुन बनाई कार्यान्वयन गर्नुपर्ने दायित्व पनि राज्यलाई दिएको छ । यद्यपि तीन वर्षको समयसीमा सकिन लाग्दा पनि यसतर्फ पर्याप्त चासो दिन सकेको छैन ।

## ७. साझेदारी वनले खाद्य सुरक्षामा के योगदान दिन सक्छ ?

साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र बसोबास गर्ने दलित तथा विपन्न घरधुरीको लागि साझेदारी वन व्यवस्थापन समितिले खाद्य अधिकार र खाद्य सुरक्षाको प्रत्याभूति हुने गरी आफ्ना गतिविधि सञ्चालन गर्न पाउने कुरालाई वन नीति (२०१५), संशोधन वन ऐन २०४९ (दोश्रो संशोधन, २०७३) एवं साझेदारी वनको निर्देशिका (२०६८) बमोजिम कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्थापन छ । वन नीति (२०१५) ले लिएको दूरदृष्टिमा नै "राष्ट्रिय समृद्धिमा योगदान पुर्‍याउने कुरा उल्लेख छ भने लक्ष्यले विपन्न समुदायको जीविकोपार्जन सुधार गर्ने कुरा उल्लेख गरेको छ । सोही नीतिको उद्देश्य नं ४ र नीतिगत प्रावधानले पनि दिगो वन व्यवस्थापन मार्फत उत्पादन वृद्धि लगायतका प्रावधान उल्लेख गरेको छ भने संशोधित वन ऐनले साझेदारी वनमार्फत व्यवस्थापन, जीविकोपार्जन सुधार लगायतको कामको लागि कानुनी अधिकार दिएको छ । यसैगरी साझेदारी वनको निर्देशिकाले समूहभित्र निजी/कृषि वन विस्तार, सार्वजनिक जग्गा व्यवस्थापन, आयआर्जन लगायतको कामको लागि उपसमिति बनाई उप-समितिमार्फत क्रियाकलाप सञ्चालन गर्न सक्ने प्रावधान राखेको छ ।

माथि उल्लेखित नीतिगत तथा कानुनी आधारमा साझेदारी वनमार्फत समूहभित्रका दलित तथा विपन्न घरपरिवारको खाद्य सुरक्षा प्रवर्द्धनमा निम्न क्रियाकलाप सञ्चालन गर्न सक्ने अवसर श्रृजना भएको छ ।

साझेदारी वनले खाद्य सुरक्षामा पुर्‍याउन सक्ने योगदानबारे Paudel *et al.* (2014) ले प्रस्तुत गर्नुभएको सैद्धान्तिक रूपरेखाको सहयोग लिएर विश्लेषण गर्ने प्रयास गरेको छ ।




स्रोतः Paudel *et al.* 2014

साझेदारी वन व्यवस्थापनको लागि कार्ययोजना स्वीकृत भएको क्षेत्रफल करिब ६३ हजार नौ सय ३४ हेक्टर जंगलमा प्रशस्तै जंगली रुख बिरुवा छन्- जसले फलफूल तथा अन्य खान योग्य खाद्यान्न प्रदान गरिरहेका छन् तिनै प्रजातिको व्यवस्थापन गर्दा मात्रै पनि समुदायको खाद्यान्न असुरक्षित व्यक्ति तथा परिवारको हात मुख जोर्ने उपाय बन्न सक्छ । यसैगरी अर्कोतर्फ हेर्ने हो भने चुरे तथा सिवालिक क्षेत्रमा भइरहेको अतिक्रमणको कारण वनको बिनाश र क्षयीकरण दिन दुगुना र रात चौगुना भइरहेको छ - जसको कारण तराईमा रहेको उर्वर जमिन वर्षायाममा आउने बाढीको कारण मरुभूमिकरण बन्दै गइरहेको छ ।

साझेदारी वनले चुरे तथा सिवालिकको संरक्षण गर्दै माटो बग्नबाट रोक्न सक्ने हो भने कृषिमा पर्ने नकारात्मक प्रभाव रोक्न सक्ने छ - जसको कारण तराईको कृषि उत्पादन बढ्न गई खाद्य सुरक्षामा टेवा

पुग्ने छ । यस कार्यमा साझेदारी वन तथा चुरे संरक्षण अभियानलाई पनि साथै अघि बढाउनुपर्ने देखिन्छ ।

## ७.१ साझेदारी वनमा दलित तथा विपन्नको पहुँच विस्तार

साझेदारी वन कार्यक्रम तीनवटा साझेदार मार्फत सञ्चालन हुने भए पनि समूह गठन र परिचालनमा समुदाय जि.वि.का र वन व्यवस्थापन समितिको भूमिका प्रमुख हुने गर्दछ । साझेदारी वन समूह गठनदेखि परिचालनसम्म जिल्ला वन कार्यालयको भूमिका रहने भएको हुँदा यस विषयमा जिल्ला वन कार्यालयले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । वन व्यवस्थापमा समितिमा निर्वाचित हुन नसक्ने अवस्थामा पनि दलितहरुको नेतृत्व विकास, जीविकोपार्जन र खाद्य सुरक्षाको लागि उप-समिति गठन गरी सोमार्फत कार्यक्रम सञ्चालन गर्नेतर्फ समिति तथा जिल्ला वन कार्यालयले ध्यान पुर्‍याउनुपर्ने देखिन्छ । दलित समुदायभित्रै पनि दलित महिलाको सामाजिक, आर्थिक अवस्था दयनीय छ । वन व्यवस्थापनमा कार्यक्रम मार्फत दलित महिलाको सामाजिक र आर्थिक हैसियत बढाउने कार्यमा ध्यान दिनुपर्ने अवस्था छ ।

## ७.२ साझेदारी वनको जग्गा कबुलियती वनको रूपमा व्यवस्थापन गर्न दिने

साझेदारी वन क्षेत्र भित्र रहने अतिक्रमित जग्गा, खोला किनार बगर पर्ती, ऐलानी जमिन प्रशस्त छन् । त्यही जग्गा वरपर बसोबास गरिरहेका दलित विपन्न घरधुरी खाद्य संकटमा छन् । साझेदारी वन समितिले त्यस्ता जमिनको सधैं सीमाना निर्धारण गरी व्यवस्थापनमा तथा आय आर्जन मूलक कार्यको लागि दिन सक्ने छ । यसरी दिएको जग्गाबबाट विपन्न घरधुरीले खाद्यान्न उत्पादन तथा वनजन्य पैदावारको उप्पादन प्रशोधन र विक्री वितरणमार्फत खाद्यान्न संकट हटाउन सक्ने छन् ।

## ७.३ साझेदारी वनको दिगो व्यवस्थापन

साझेदारी वनको धेरैजसो वन क्षेत्र प्राकृतिक वनले ढाकेको छ । बूढा-पुराना रुखले ओगटेको कारण वनको पुनः उत्पादनमा क्षमता कमजोर देखिन्छ । त्यसैले उक्त वन क्षेत्रको दिगो व्यवस्थापन गरी पुनः उत्पादनमा विशेष जोड दिन सक्ने हो भने साझेदारी वनले दिगो रूपमा वन पैदावार आपूर्ति गर्न सक्छ । वनको दिगो व्यवस्थापन मार्फत खाद्य सुरक्षामा टेवा पुर्‍याउने गरी प्रजाति छनौट, वृक्षरोपण, रोजगारीको अवसर दिँदा समतामूलक ढंगबाट दिने व्यवस्था गर्ने हो भने दलितहरुको साझेदारी वनबाट फाइदा पाउने सक्नेछन् । हाल साझेदारी वन क्षेत्रमा लागू गरिएको वन व्यवस्थापन क्षेत्रमा दलितहरुले रोजगारी पाउने विशेष व्यवस्था गर्ने, उनीहरुको क्षमता वृद्धि गर्ने कार्यले समेत खाद्य सुरक्षामा मद्दत पुर्‍याउँछ ।

## ७.४ साझेदारी वनको काठ-दाउराको संकलन, विक्री वितरण

साझेदारी वन क्षेत्रमा दिगो वन व्यवस्थापनमा (वैज्ञानिक वन) कार्यक्रम लागू भएको छ । वन व्यवस्थापनमा भित्रको कटानी छपानीलगायत काठ प्रशोधन कार्यमा समूह भित्रका दलित श्रमिकलाई प्राथमिकताका साथ काम गर्ने अवसर दिँदा उनीहरुको आय-आर्जन बढ्ने र सोही आधारमा खाद्यान्न खरिद गर्न सक्ने क्षमतामा वृद्धि हुनेछ । वन व्यवस्थापन पद्धतिबारे नयाँ नयाँ सीप तथा क्षमता अभिवृद्धिमार्फत उनीहरुको दक्षता वृद्धि गर्न सक्ने सम्भावना साझेदारी वनमा देखिन्छ । काठ तथा गैर काष्ठको प्रशोधन मार्फत मूल्य अभिवृद्धि श्रृङ्खलामा वृद्धि ल्यउदा दलित वन श्रमिकको आय-आर्जन वृद्धि हुन सक्दछ । यस कार्यमा साझेदारी वन उपभोक्ता समितिले क्षमता अभिवृद्धि तथा रोजगारी श्रृजनाका लागि कार्य गर्न सक्ने छ ।

## ७.५ परम्परागत पेशा र व्यवसायको प्रवर्द्धन तथा बजारीकरण

नेपालको वन क्षेत्रको संरक्षणमा प्रशस्त लगानी भइरहे पनि वनको व्यवसायीकरणमा चासो पुग्न सकेको छैन । वन क्षेत्रमा लागू भएका परियोजनाले तराईको वन व्यवस्थापनमा तुलनात्मक रूपमा कम लगानी गरेका छन् । हाल नेपाल सरकारले तराई वनको व्यवस्थापनमा वन विकास, चुरे संरक्षण लगायतका प्रयास अघि बढाए ए पनि यसको नतिजा आउन अझै बाँकी छ ।

तराईमा रहेका दलितको आफ्नै परम्परागत पेशा र व्यवसाय भए पनि आधुनिकीकरणसँगै उनीहरुको पेशा संकटमा पर्न थालेको छ[५] । वनको दिगो व्यवस्थापन र वनमा अश्रित समुदायको आय -स्रोतमा वृद्धिको लागि नेपाल सरकारले 'समृद्धिको लागि वन' भन्ने नाराका साथ कार्यक्रम अघि बढाइरहेको सन्दर्भमा तराई क्षेत्रमा लागू हुने कार्यक्रमले समृद्धिको दिशातर्फ योगदान पुऱ्याउनुपर्ने देखिन्छ । तराईका साझेदारी वनक्षेत्रमा लागू भएको वन दशक कार्यक्रम, रेड प्लस, विश्व बैंक चुरे संरक्षण कार्यक्रमको सहयोगमा सुरु हुन गईरहेको वन लगानी कार्यक्रम  ले समेत तराई दलितको परम्परागत पेशा र व्यवसाय प्रवर्द्धनमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

## ७.६ साझेदारी वनमा 'वन प्रमाणीकरण'

खाद्य सुरक्षाको लागि सहयोगीः- वनको व्यवस्थापन तथा बजारको माग बमोजिम काठ/दाउरा आपूर्ति गर्न नेपाल सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि (२०७१) तर्जुमा गरी लागू गरेको छ । उक्त कार्यविधि अनुसार तराईको वन व्यवस्थापन गर्दा दिगो रूपमा वन पैदावारको दिगो व्यवस्थापनको अवधारणा अनुसार प्रमाणीकरण गर्ने हो भने वन पै दावारको मूल्य अभिवृद्धि भई काठको विक्री वितरणमा हुने भ्रष्टाचार नियन्त्रण हुने भएकोले तराईको वनमा अन्तर्राष्ट्रिय मापदण्डअ नुसार फरेष्ट स्टेवार्डसीपमा काउन्सिलको वन व्यवस्थापन प्रमाणीकरण  तथा पै दावारको मूल्य श्रृङ्खलामा प्रमाणीकरण–Chain of custody certificate (COC) गरेमा त्यसबाट स्थानीय व्यक्ति तथा समुदायले लाभ प्राप्त गर्न सक्ने देखिन्छ । अर्कोतर्फ, सोही कार्यविधिले निर्दिष्ट गरेबमोजिम वन संरक्षण, व्यवस्थापन र सदुपयोग गर्दा समेत तराई तथा भित्री मधेसका विपन्न दलित तथा पछाडि पारिएका समुदायको जीविकोपार्जनमा मद्दत पुऱ्याउने छ ।

## ७.७ समुदायमा आधारित वन उद्यम विकास तथा व्यवस्थापनमा

साझेदारी वन उपभोक्ता समूह र त्यस अन्तर्गतका उप-समूह/समितिको लागि फैलावट गाउँको वडा तहदेखि व्यवस्थापन समूह र त्यसको केन्द्रीय महासंघसम्म सञ्जाल फैलिएको यसको सुशासन र सँगठनलाई बिस्तारै बलियो र व्यवस्थित बनाउनुपर्ने छ भने अर्कोतर्फ हजारौ हेक्टर वन क्षेत्रको व्यवस्थापनमा पनि साझेदारी वनले विभिन्न क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । साझेदारी वन क्षेत्रभित्र रहेको काठको चिरानी प्रशोधन तथा गैर काष्ठमा आधारित उद्यम विकास व्यवस्थापन र बजार प्रणालीमा लगानी गर्ने हो भने त्यसबाट रोजगारी श्रृजना हुनुको साथै स्थानीय समुदायको खाद्य सुरक्षामा समेत टेवा देखिन्छ ।

माथि उल्लेखित सम्भावना बोकेको साझेदारी वनको विगत १५ वर्षमा किन प्रभावकारी ढंगमा काम हुन सकेन? दलित तथा विपन्नको जीविकोपार्जन र खाद्य सुरक्षामा के कारणले गर्दा काम हुन सकेन ? यस विषयमा अध्ययनका सहभागीको प्रतिक्रियालाई निम्नअनुसार बुँदामा प्रस्तुत गरेका छौं-

(क) नीति तथा कानुनको अभाव : सन २००० मा साझेदारी वनको अवधारणा सुरु भ पनि यसको कार्यान्वयन भने सन २००५/०६ तिरबाट मात्र भयो । कार्यक्रम सुरुभएपछि यस कार्यक्रम कार्यान्वयन हुन नदिन व्यापक विरोध सुरु भयो । तत्पश्चात् साझेदारी वन विरोधीहरुको कारण पनि यो कार्यक्रम राम्रोसँग लागू हुन सकेन (ACOFUN 2015) । वन ऐन तथा नियमावलीमा साझेदारी वनसम्बन्धी प्रावधान नभएको कारण विगतमा साझेदारी वनको प्रभावकारी कार्यान्वयन हुन नसकेको कुरा सहभागीहरु बताउँछन् । हाल वन ऐन संशोधन भई ऐनमा साझेदारी वनको व्यवस्था समेटिएको तर कार्यान्वयन हुन भने बाँकी नै रहेको छ ।

(ख) साझेदारी वनमा लगानी : अर्कोतर्फ हेर्ने हो भने पहाडी वनको तुलनामा तराईको वन क्षेत्रमा लगानी न्यून मात्रामा भएको पाइन्छ । तराईको वनमा लगानी गर्न/गराउन सरकारी प्रयास पर्याप्त नभएको, कार्यान्वयनमा रहेको जी.टी.जेड नेदरल्याण्ड विकास नियोगको सहयोगमा

५ सुनीलकुमार परियार संगको कुराकानी ,असोज-५,२०७३

तराईका आठ जिल्लामा सञ्चालित कार्यक्रमलाई नियमित गराउन नसक्नु वा तराईको वनमा लगानी भित्रिन नदिने चालबाजीको कारण पनि तराईको साझेदारी वन फस्टाउन सकेन ।

(ग) साझेदारी वन कार्यान्वयनमा अन्यौल : तराईका केही जिल्लामा सुरु भएको यस अवधारणालाई व्यापक रूपमा तराईको अन्य जिल्लामा तथा सम्भाव्य पहाडी र हिमाली जिल्लामा विस्तार गन सकिने सम्भावना हुँदा हुँदै पनि सरकारी ढिलासुस्तीको कारण साझेदारी वन अपेक्षाकृत विस्तार हुन सकेको छैन । हाल वन ऐनमा साझेदारी वनले कानुनी मान्यता प्राप्त गरेको छ तर पनि सम्भाव्य जिल्लामा साझेदारी वन विस्तार गर्न सरकारी तत्परता भने अझै देखिएको छैन ।

## ८. निष्कर्ष

वन क्षेत्रमा रहेको जमिनको उपयोग साझेदारी वन क्षेत्रले ओगटेको वन तथा वन क्षेत्र बाहेकका जमिनको उपयोगबारे स्पष्ट योजना बनाउन सकेको अवस्थामा खाद्य सुरक्षामा ठूलो मद्दत पुग्ने देखिन्छ । चुरे क्षेत्रको संरक्षण, बाढी पहिरो नियन्त्रण, ऐलानी र पर्ती जमिनको व्यवस्थापन, खोला तथा नदी उकासको उचित व्यवस्थापन मार्फत तराईको उर्वरभूमि जोगाउन र उत्पादन बढाउन सकिन्छ ।

वन मार्फत प्राप्त हुने वस्तु तथा सेवाको बजारीकरण, खाद्य सुरक्षाको लागि साझेदारी वनले उत्पादन गरेको काष्ठ, गैर काष्ठ एवं वनजन्य सेवाको प्रवर्द्धन र बजारीकरण गर्ने कार्य गर्दा प्रशस्त रोजगारी सृजना हुने देखिन्छ । साझेदारी वनमा गरिने वन व्यस्थापन कार्यबाट मात्र पनि हजारौं दिन रोजगारी सृजना हुन सक्ने देखिन्छ भने कार्बन एवं गैरकार्बन लाभको बजार व्यवस्थापन गर्न सकेमा खाद्य सुरक्षामा टेवा मिल्ने देखिन्छ ।

साझेदारी वनको व्यवस्थापन मार्फत गरिब, दलित तथा विपन्न समुदायको खाद्य सुरक्षाको लागि प्रशस्त सम्भावना देखिन्छ । नेपाल सरकार तथा यस क्षेत्रमा कार्यरत वन समूह तथा अन्य निकायले निम्न कुरामा ध्यान दिने हो भने साझेदारी वनले खाद्य सुरक्षामा प्रशस्त योगदान दिन सक्छ ।

(क) तराई तथा भित्री मधेसमा रहेको साझेदारी वन क्षेत्रभित्र रहेको खाली, पर्ती जग्गा दलित तथा विपन्न घर परिवारलाई उपलब्ध गराई आय-आर्जन गर्न लगाउने हो भने तराईका दलित तथा विपन्न समुदायको खाद्य सुरक्षामा टेवा पुग्नेछ ।

(ख) तराईमा रहेको उत्पादनशील वन क्षेत्रको व्यवस्थापन गरेर वन पैदावारको उत्पादन बढाउन सकिने देखिन्छ । यसरी उत्पादन बढाउन स्थानीय स्तरमा रोजगारी श्रृजना हुनुको साथै वन पैदावारबाट राम्रो आम्दानी हुन सक्ने ठाउँ छ ।

(ग) परम्परागत रूपमा वनमा आश्रित घरपरिवार तथा उनीहरुको ज्ञान र सीपलाई प्रवर्द्धन गर्दै वनको दिगो व्यवस्थापन गर्न सकिने देखिन्छ ।

(घ) साझेदारी वनको आम्दानीको ३५ प्रतिशत रकम गरिबी न्यूनीकरण कार्यक्रममा खर्च गर्न/गराउने वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

(ङ) तराई तथा भित्री मधेसमा रहेको वन क्षेत्रलाई साझेदारी वनको अवधारणा अनुसार हस्तान्तरण गर्ने कार्यमा जोड दिनुपर्ने देखिन्छ ।

## ९. सन्दर्भ सामाग्री

**Adhikari, A. and Bhole, H.G.** 1999. Food crisis in Nepal.Delhi, India: Adroit publisher.

**ACOFUN.** 2015. Unpublished oraganizatinal report of ACOFUN, presented at 3rd National Convention. Kathmandu, Nepal.

**Bhattarai, B.** 2013. Consolidating management approach for sustaining terai forestry in Nepal (an unpublished report). Kathmandu, Nepal: Association of Collaobrative Forest Users, Nepal (ACOFUN).

**Bishwokarma, B.K.** 2009. Dome community in economic Aspect (Arthik Pakshyama Dome). Ed. Govinda Pariyar and Binod

B.K.,Dalits in new Nepal (Naya Nepal ma Dalit in Nepali).Kathmandu, Nepal:Dalits commission.

**DFRS.** 2015. State of Nepal's Forests. Forest Resources Assessment (FRS) Nepal. Department of Forest Resources and Survey (DFRS). Kathmandu, Nepal.

**Khadka, A., and Upadhya, C. P.** 2008. Sajhedari ban byawasthapan: Janatakp jivikoparjan (Collaborative forest: Peoples livelihoods). Report of Fifth National Workshop of Community Forestry. Kathmandu, Nepal: Department of Forest.

**Khatri, D., Shrestah, K., Ojha, H., Paudel, G., Paudel, N., and Pani, A.** 2016. Reframing community forestry governance for food security in Nepal.Journal of Environmental Conservation.Cambridge University Press.

**Mukherjee, A.** 2012. Food security in Asia. New Delhi, India: Sage publication.

**MoFSC.** 2011. Collaborative Forest Guideline. Ministry of Forest and Soil Conservation. Kathmandu, Nepal.

**Pariyar, S. K.** 2014. The governance and inclusion in community forestry: an assessment of Dalit inclusion in three district of chitawan landscape area (CHAL) and terai arc landscape (TAL) area of Nepal. Report of Sixth National Workshop of Community Forestry. Kathmandu, Nepal: Department of Forest.

**Paudel, N., Karki, R., Paudel, G., Ojha, H., and Shrestha, K.** 2014. Reframing the farm forest interface: how can community forestry better address food security for Nepal.Report of Sixth National Workshop of Community Forestry. Kathmandu, Nepal: Department of Forest.

**Uprety, D.R., Gurung, A., Bista, R., Karki, R. and Bhandari, K.** 2012. Community Forestry in Nepal: A Scenario of Exclusiveness and its Implications. Frontiers in science. 2(3): 41-46.

---

**अनुसूची १ साझेदारी वन सम्बन्धि तथ्याङ्क**

| साझेदावरी वनको नाम | कार्ययोजना स्वीकृत भएको | | |
|---|---|---|---|
| | क्षेत्रफल (हे) | संलग्न घरधुरी | लाभान्वित जनसंख्या |
| सहजनाथ | ४३५६.२७ | १९४४८ | १३०९०२ |
| हलखोरिया | १९३८.४६ | ३४४२६ | २२०२५२ |
| तामागढी | २५८०.०० | १८०३२ | १११४८३ |
| गढीमाई | ९९८.३२ | १६२५७ | १०९२५० |
| सवैया | ३१८८.६० | ३९७७४ | २४१८०८ |
| विन्ध्यवासिनी | ४२८९.०० | २१७०६ | १४०८३५ |
| रंगपुर | ३४९४.६९ | ३४५३५ | २०७७४८ |
| जंगलसहिया | ४०४९.५६ | ३४९५६ | २२४४३२ |
| रामलाल वृन्दावन | ३८५३.५९ | २४२६९ | १५४२५२ |
| बाज्केमहरा | २००६.०० | २३०७५ | २१५५६३ |
| टुटेश्वरनाथ | १३३४.२० | २४१५१ | १४१२३१ |
| गढन्ता-बर्दिबास | १४५०.५४ | २७१८१ | १५४४१९ |
| फूलजोरबाबा | २५८९.५७ | २७९५३ | १६१७३० |
| लालबन्दी | १६५०.५० | ४०७७० | २३७२४८ |

| | | | |
|---|---|---|---|
| तिलौराकोट(१) | २७२२.३२ | २२६२२ | १४८६३१ |
| तिलौराकोट(२) | ३८९०.२८ | | |
| गौतम बुद्ध | ३७४३.४२ | ८९१९ | ६२२२६ |
| कपिलवस्तु | ५०८७.४३ | ७२९३२ | १०५३६५ |
| मायादेवी | १७४०.१२ | १६६९० | १०३५४७ |
| लुम्बिनी | १३२१.०० | २५९३४ | १६५१५७ |
| वुद्धशान्ति | १७८१.३२ | १४४२२ | ६३७७६ |
| मध्यविन्दु | ५८५ | ३४८९ | १६२७४ |
| बाह्र साझेदारी वन | १४०७.०० | १०४४९ | ६५००४ |
| लाटीझोडा | १६८४.७४ | १४२०६ | ५५६४७ |
| जलाइध | २१९०.७३ | २७१२३ | १४८००३ |
| | ६३९३३.४१ | ६०३३१९ | ३३८४७८३ |